# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

# अवधारणा-पत्र

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

२०८० भाद्र

# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

# अवधारणा-पत्र

गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८०/०५/३१ को बैठकबाट स्वीकृत

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

२०८० भाद्र

# विषयसूची


१. पृष्ठभूमि ........................................................... १

२. प्रथम पञ्चवर्षीय योजनाको संक्षिप्त समीक्षा ............................... २

३. विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरु ......... ३

४. दोस्रो पञ्चवर्षीय योजनाको कार्यदिशा .................................... ६

५. योजना तर्जुमा विधि तथा प्रक्रिया ...................................... १४

६. अपेक्षित नतिजा ......................................................... १५

७. दोस्रो पञ्चवर्षीय योजनाको विषयसूची .................................. १५

अनुसूची-१ दोस्रो पञ्चवर्षीय योजना तर्जुमाको समय तालिका ........... १६

अनुसूची-२ पञ्चवर्षीय योजनाको प्रारम्भिक विषयसूची ..................... १८

सन्दर्भ सामग्रीहरू ............................................................ २०

## १. पृष्ठभूमि

समावेशी, सन्तुलित तथा दिगो सामाजिक- आर्थिक विकासको गतिलाई तीव्रता दिई समुन्नति हासिल गर्न योजनाबद्ध विकास जरुरी हुन्छ। नेपालको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा सहित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखेको छ।

"समृद्ध प्रदेश र सुखी नागरिक"को दीर्घकालीन सोच प्राप्तिका लागि गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना (आ.व २०७६/७७ - २०८०/८१) कार्यान्वयन गरी नागरिकको विकास प्रतिको आकाङ्क्षालाई पूरा गर्ने लक्ष्य राखेको छ। यस योजनाले उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण, सुशासनयुक्त र समृद्ध प्रदेश निर्माणको आधारशिला तय गरेको छ।

नेपाल सरकारले दीर्घकालीन सोच (वि.सं. २१००), अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने (वि.सं.२०८२), दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मलुकमा पुग्ने (वि. सं. २०८७) जस्ता राष्ट्रिय गन्तव्य निर्धारण गरेको छ। यसै पृष्ठभूमिमा निर्माण गरिएको गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) को समयावधि २०८१ असारमा सम्पन्न हुने भएकोले त्यस पश्चात्को पाँच वर्ष (२०८१/८२-२०८५/८६) को अवधिमा कार्यान्वयन हुने गरी दोस्रो पञ्चवर्षीय योजना तर्जुमाको लागि प्रस्तुत अवधारणा- पत्र तयार गरिएको छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना मूलतः नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, प्रादेशिक कार्यसूची, नेपालको सोह्रौं योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको समीक्षा, गण्डकी प्रदेश सरकारका नीति तथा प्राथमिकताका क्षेत्रहरु, प्रदेशको सम्भावना र सामर्थ्य तथा दिगो विकास लक्ष्य जस्ता अन्तराष्ट्रिय प्रतिबद्धताबाट निर्देशित रहनेछ।

## २. प्रथम पञ्चवर्षीय योजनाको संक्षिप्त समीक्षा

गण्डकी प्रदेश सरकार स्थापना भएपछि तर्जुमा गरिएको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७- २०८०/८१) ले समावेशी, सन्तुलित र दिगो आर्थिक, सामाजिक गन्तव्य पहिचान गरेको छ। प्रदेश समृद्धिका सात मुख्य संवाहक र पाँच सहयोगी क्षेत्रले गण्डकी प्रदेशको विकासको आधारशिलाको वातावरण सिर्जना गरेका छन्। प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको पहिलो आर्थिक वर्षमा नै कोभिड-१९ महामारीका कारण राष्ट्रिय आर्थिक-सामाजिक अवस्थाको गम्भीरताबाट गण्डकी प्रदेश पनि भिन्न र पृथक रहन सकेन। जसका कारण प्रादेशिक अर्थतन्त्र शिथिल र संकुचित हुन पुगेको छ। यसले योजनाका प्राथमिकता र लक्ष्यमा पुनर्बोध भई आर्थिक पुनरुत्थान र राहतमा लगानी र व्ययभार बढ्न जाँदा सूचकहरुको लक्ष्य प्राप्ति गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ। साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्रमा आएको उतारचढावका कारण प्रादेशिक अर्थतन्त्र थप चाप र दवाबमा परेका कारण योजनाका निर्दिष्ट गन्तव्यहरु पुनरावलोकन गर्ने वातावरण सिर्जना भएको छ। मुलुकको कुल गार्हस्थ उत्पादनमा गण्डकी प्रदेशको ८.९ प्रतिशत योगदान सन्तोषजनक देखिएपनि वाह्य तथा आन्तरिक संरचनागत समस्या समेतको कारण आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न चुनौती देखापरेको छ। यस समयावधिमा योजनाले १०.२ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकोमा मध्यावधि समीक्षा प्रतिवेदन अनुसार आर्थिक वृद्धिदर ५.६ प्रतिशतमा सीमित हुने देखिन्छ। राष्ट्रिय अर्थतन्त्रले लय नसमातेको परिवेशमा दोस्रो वर्ष (आर्थिक वर्ष २०७७/७८) र तेस्रो वर्ष (आर्थिक वर्ष २०७८/७९) मा आर्थिक वृद्धिदर क्रमशः ३.७ र ६.४ प्रतिशत रह्यो भने चौथो वर्ष (आर्थिक वर्ष २०७९/८०) मा ३.३ प्रतिशत रहेको अनुमान गरिएको छ।

योजनाको आधार वर्ष २०७५/७६ मा कुल गार्हस्थ उत्पादनमा प्राथमिक क्षेत्र (कृषि, वन र खानी तथा उत्खनन्) को योगदान ३०.७ प्रतिशत, द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्याँस, पानी र निर्माण) को योगदान १७.४ प्रतिशत र

तृतीय क्षेत्र (सेवा) को योगदान ५१.९ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा क्रमशः २६.६, १७.३ र ५६.१ प्रतिशत रहेको अनुमानले द्वितीय क्षेत्रमा थप लगानीको माग गरेको छ। विप्रेषण, सेवा व्यापार र सरकारी खर्चले सेवा क्षेत्रको विस्तार गर्न सहयोग पुऱ्याएको छ। योजना अवधिमा प्रतिव्यक्ति आय १९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्यमा आर्थिक वर्ष २०७९/८० मा १४९२ अमेरिकी डलर पुगेको अनुमान छ। गण्डकी प्रदेशमा बहुआयामिक गरिबी ७.३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा ९.६ प्रतिशत रहेको छ भने मानव विकास सूचकाङ्क ०.६५० पुऱ्याउने रहेकोमा ०.६१८ कायम रहेको छ।

सामाजिक सूचक अन्तरगत पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २३ जना, किशोरी अवस्थाको प्रजनन दर १४ प्रतिशत, आधारभूत तह (कक्षा १-८) को शिक्षामा खुद भर्नादर ९७ प्रतिशत, विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या ९९.५० प्रतिशत, आधारभूत खानेपानी पुगेको जनसङ्ख्या ९४.१८ प्रतिशत रहेको छ। त्यस्तै परिलक्षित गरेका अन्य सामाजिक सूचकहरूको लक्ष्य प्राप्ति मिश्रित देखिएको छ। जन्म हुँदाको अपेक्षित आयु, इन्टरनेटमा पहुँचप्राप्त जनसङ्ख्याको प्रतिशत, मानव विकास सूचकाङ्क लगायतका सूचकमा प्राप्त उपलब्धिहरू सन्तोषजनक रहेका छन्। महामारीले पारेको असरका कारण आर्थिक तथा सामाजिक क्षेत्रमा लगानीको न्यूनताले कतिपय सूचकहरु फलदायी हुन सकेनन्। सडक तथा अन्य यातायात पूर्वाधारका क्षेत्रमा प्रदेश गौरवका योजना, पहुँचमार्ग, आर्थिक करिडोर, स्तरोन्नतिमा निरन्तर कार्यप्रगति भए तापनि थप प्रयास जरुरी देखिन्छ। यसर्थ सुखद देखिएका उपलब्धिलाई टिकाउने, सन्तोषजनक देखिएका लक्ष्यमा थप लगानी गर्ने र कमजोर सूचकमा प्रदेशले हस्तक्षेप गर्ने नीति अख्तियार गर्न जरुरी छ।

## ३. विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरू

१. आयातमा निर्भर र निर्वाहमुखी अर्थतन्त्रलाई रुपान्तरण गर्दै आत्मनिर्भर,

उत्पादनमूलक र निर्यातउन्मुख प्रदेश अर्थतन्त्रको निर्माण गर्नु,

२. उत्पादन क्षेत्रमा लगानीको विकर्षणलाई आकर्षणमा रुपान्तरण गर्दै र बैंक तथा वित्तीय संस्थाहरूलाई लगानीका निम्ति प्रोत्साहन गर्नु,

३. बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि तुलनात्मक लाभ भएका उपभोग्य वस्तु तथा निर्माण सामग्रीको उत्पादन, बिक्री वितरण र प्रयोगमा प्रोत्साहन गर्नु,

४. आन्तरिक रोजगारीको अवसर बढोत्तरी गर्दै युवाशक्ति पलायनलाई निरुत्साहित गर्नु,

५. अर्थतन्त्रको संरचनात्मक रुपान्तरणका लागि द्वितीय क्षेत्र विस्तार गर्दै तृतीय क्षेत्रमा स्थायित्व कायम गर्नु,

६. पर्यटन पूर्वाधार विकास, सेवा सुविधाको विस्तार, पर्यटकीय गतिविधि र लगानी आकर्षण गरी गण्डकी प्रदेशलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नु,

७. मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणालीलाई यान्त्रिकीकरण र व्यावसायीकरण गर्दै तुलनात्मक लाभका उच्च प्रतिफलयुक्त कृषि उपजको प्रवर्द्धन र व्यावसायिक कृषिमा आकर्षण सिर्जना गर्नु,

८. जलवायु परिवर्तनका कारण स्रोत सुक्दै गएको र दिगो स्रोत नभएका वस्तीहरुमा खानेपानीको सुनिश्चितता गर्नु,

९. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै बाँझो जग्गाको उपयोग, वन व्यवस्थापन र संरक्षण प्रणालीलाई आर्थिक उपार्जनसँग जोड्नु,

१०. साना जलविद्युत् आयोजनामा निर्भर उर्जा क्षेत्रमा निजी क्षेत्रको सहकार्य बढाई ठूला जलाशययुक्त जलविद्युत्, सौर्य र वायु उर्जाको उत्पादन गर्नु,

११. भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा जग्गा प्राप्ति, मुआब्जा, वन क्षेत्रको प्राप्ति र निर्माण सामग्रीको उपलब्धतालाई सरलीकरण गर्दै निर्दिष्ट समयमा सम्पन्न गर्नु,

१२. वातावरणजन्य बहुप्रकोप, जलवायु परिवर्तन आदिका प्रभाव र असर न्यूनीकरण गर्नु,
१३. मानव पुँजीको प्रक्षेपण गरी लगानी, विकास र उपयोगबीच सामञ्जस्यता कायम गर्दै श्रम बजारको माग अनुसार श्रमशक्ति उत्पादनका साथै रोजगारी सिर्जनामा योगदान पुऱ्याउनु,
१४. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् सिपविकासमा समतामूलक पहुँच, सान्दर्भिकता र गुणस्तर सुनिश्चित गर्दै शिक्षा प्रणालीलाई बजारको माग, उत्पादन र उद्यमसँग जोड्नु,
१५. सुदृढ स्वास्थ्य प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्नु,
१६. समावेशीकरणमा नीति, अभ्यास र नतिजाबीच तादात्म्यता कायम गर्दै महिला, बालबालिका, जेष्ठ नागरिक, दलित र सीमान्तकृत समुदायमा आर्थिक-सामाजिक विभेदको अन्त्य गर्नु,
१७. रेडियो, टिभी, टेलिफोन र इन्टरनेटको पहुँच विस्तार गरी सुरक्षित, गुणस्तरीय र नवीनतम सूचना प्रविधिको विकास गर्नु,
१८. प्रदेशको एकीकृत तथ्याङ्क प्रणालीको स्थापना र विकास गर्दै तथ्यपरक नीति निर्माण, निर्णय प्रक्रिया र सेवाप्रवाहलाई वस्तुनिष्ठ, तथ्यपरक र नतिजामूलक बनाउनु,
१९. सबल, आत्मनिर्भर र दिगो आर्थिक वृद्धि सहितको समुन्नत प्रदेश निर्माणका लागि वित्तीय स्रोतहरूको पहिचान, परिचालन र विस्तार गर्नु,
२०. शासनका साझेदार पक्ष र बहुपात्रको परिचालन गर्दै राष्ट्रिय एवम् प्रादेशिक लक्ष्यहरु हासिल गर्नु,
२१. शासन, विकास र सेवा प्रवाहमा सुशासन र प्रभावकारिता अभिवृद्धि गर्दै नागरिकको स्वामित्व र अपनत्व विकास गर्नु।

## ४. दोस्रो पञ्चवर्षीय योजनाको कार्यदिशा

### ४.१ सोच

"आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी"

### ४.२ लक्ष्य

उत्पादकत्व, सामाजिक न्याय र समुन्नति हासिल गर्ने।

### ४.३ उद्देश्य

१. उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रुपान्तरण गर्नु,

२. विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नु,

३. विकासका लाभको समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु,

४. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन अभिवृद्धि गर्नु,

५. मानव पुँजी, उत्थानशील विकास र आर्थिक क्रियाशीलता मार्फत समृद्धि हासिल गर्नु।

### ४.४ समष्टिगत रणनीति

१. प्रादेशिक विकास प्रयासमा देखिएका अवरोधहरुको पहिचान, सम्बोधन र निराकरण गर्दै प्रादेशिक विशिष्टताको आधारमा उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने,

२. सबै तहको सरकार र शासकीय साझेदारहरुको अन्तरसम्बन्धलाई सबलीकरण र सुदृढीकरण गर्ने,

३. प्रादेशिक तथ्याङ्क प्रणालीको विकास गरी अध्ययन तथा अनुसन्धानमा आधारित नीति निर्माण एवम् विकास कार्यक्रम कार्यान्वयन गर्ने।

### ४.५ संरचनात्मक रूपान्तरणका क्षेत्र र रणनीति

#### (१) प्रादेशिक अर्थतन्त्रको सुदृढीकरण

- उपलब्ध प्राकृतिक, मानवीय एवम् आर्थिक स्रोत साधनको

उच्चतम परिचालन गरी दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने,

- अर्थतन्त्रको प्राथमिक क्षेत्रको रुपान्तरण गर्दै द्वितीय क्षेत्रको सबलीकरण मार्फत तृतीय क्षेत्रलाई स्थायित्व दिने,
- उत्पादन, व्यापार र निर्माण क्षेत्रको सबलीकरण गरी अर्थतन्त्रलाई गतिशीलता दिने,
- रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्वमा वृद्धि एवम् पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने,
- अन्तरदेशीय, अन्तरप्रदेश र अन्तरस्थानीय तह जोड्ने यातायात र पूर्वाधार पहुँच विस्तार गरी आर्थिक क्रियाकलापमा बढोत्तरी गर्ने,
- बैंक तथा वित्तीय लगानीको जनस्तरमा पहुँच विस्तार गर्दै वित्तीय साक्षरता सहित उत्पादनमुखी अर्थतन्त्रको विकास गर्ने।

**(२) वित्तीय स्रोत पहिचान र व्यवस्थापन**

- राजस्व प्रणालीमा संस्थागत र संरचनागत सुधार गर्दै दायरा विस्तार गर्ने,
- संघ, प्रदेश र स्थानीय तह बीचको वित्तीय अन्तरसम्बन्धलाई मजबुत बनाई स्रोतको नयाँ सम्भावना खोज्ने,
- स्थानीय तहको आवश्यकता र प्रदेश सरकारको क्षमता अनुरुप स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने,
- स्थानीय तहसँग सम्बन्धित आर्थिक सामाजिक विकासका सूचक अद्यावधिक गरी अनुदान हस्तान्तरणको प्रक्रियामा सहजीकरण गर्ने।

**(३) सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण र सशक्तीकरण**

- स्रोत साधन, उपलब्धि र प्रतिफल सबै वर्ग, क्षेत्र, लिङ्ग,

समुदायमा न्यायोचित परिचालन गर्ने,

- सामाजिक संरक्षण र सुरक्षाको दायरा फराकिलो बनाई सबै नागरिकलाई विकासको मूल प्रवाहमा समाहित गर्ने,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सशक्तीकरण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने,
- महिला, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख, अपाङ्गता भएका नागरिकलाई प्रादेशिक एवम् राष्ट्रिय पुँजीका रुपमा रुपान्तरण गर्ने,
- प्रदेशको हिमाल, पहाड र तराई क्षेत्रमा रहेका आदिवासी जनजातिहरुको भाषा, संस्कृति र परम्पराको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने,
- अपाङ्गता भएका नागरिकहरुको नीति निर्माणमा सहभागिता सुनिश्चित गर्दै पूर्वाधार, शिक्षा, स्वास्थ्य, प्रविधि लगायतका क्षेत्रमा पहुँच स्थापित गर्ने,
- आर्थिक रुपमा विपन्न नागरिकहरुलाई स्वरोजगार र आयआर्जनका कार्यक्रममा आबद्ध गर्ने।

(४) **श्रम, रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरण**

- औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको आयआर्जन तथा क्षमता अभिवृद्धिका लागि सिपमूलक तालिम, पुँजी र प्रविधि हस्तान्तरणमा जोड दिने,
- नवप्रवर्तन, प्राविधिक तथा सिपविकास तालिम एवम् आवश्यक सहयोग मार्फत युवा जनशक्तिलाई उद्यमशीलतातर्फ अभिप्रेरित गर्ने,
- श्रम बजारको माग र आपूर्तिलाई ध्यानमा राखी रोजगार प्रदायक र रोजगारीको खोजीमा रहेका दक्ष जनशक्तिलाई आबद्ध गर्ने,

- सामाजिक न्यायमा आधारित वैज्ञानिक भूमि व्यवस्थापन गर्दै समुन्नतिको आधार तय गर्ने,
- खाद्य पहुँच, उपलब्धता र स्थिरता बढाउन खेतीयोग्य भूमिमा आवश्यक सुविधा विस्तार गर्ने,
- आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने र तुलनात्मक लाभ हुने निर्यातयोग्य वस्तुको उत्पादन र प्रशोधनमा सहयोग पुऱ्याउने,
- उद्योगहरुको स्थापना, सञ्चालन, दिगोपना मार्फत उत्पादकत्व अभिवृद्धि गरी कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने,
- वन क्षेत्रको दिगो व्यवस्थापन र व्यावसायीकरण, उत्पादन अभिवृद्धि र आयात प्रतिस्थापन गरी रोजगारी एवम् उद्यम प्रवर्द्धन गर्ने।
- सबै प्रकारका श्रोत साधनहरुको परिचालन, उपयोग र पहुँच विस्तार गरी गरिबी न्यूनीकरण गर्ने।

**(५) गुणस्तरीय शिक्षा तथा स्वास्थ्य क्षेत्रको सबलीकरण**

- गुणस्तरीय, पहुँचयोग्य, प्रविधिमैत्री र जीवनोपयोगी शैक्षिक उन्नयनका लागि प्रादेशिक शिक्षाको मापदण्ड लागु गर्ने,
- उच्च शिक्षालाई वैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाई प्रदेशलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने,
- शैक्षिक संस्थाहरुलाई समयानुकूल डिजिटाइजेशन र समायोजन गरी संस्थागत सुदृढीकरण र सुशासनका लागि प्रोत्साहन गर्ने,
- नैतिक शिक्षा, पठन संस्कृतिको विकास र जीवनोपयोगी ज्ञान आर्जनसँगै प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने,

- स्वास्थ्य प्रणाली सुदृढीकरण र सुशासन मार्फत गुणस्तरीय, आधारभूत एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्ने,
- स्वास्थ्यका बृहत निर्धारक तत्वहरुको सम्बोधन गर्दै स्वस्थ प्रदेशबासीका लागि थप लगानी बढाउने,
- नागरिकको जीवन पद्धतिको रुपमा योग र ध्यानको प्रवर्द्धन गर्दै आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिको विस्तार गर्ने,

**(६) दिगो पूर्वाधार विकास, पर्यटन र शहरीकरण**

- उत्थानशील पूर्वाधार निर्माण गरी आर्थिक प्रतिफल र जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुऱ्याई समन्यायिक वितरण गर्ने,
- ठूला पूर्वाधार, नवीनतम प्रविधि र तुलनात्मक लाभका क्षेत्रमा वैदेशिक लगानी र सहायता परिचालन गर्ने,
- पूर्वाधार विकासलाई समयानुकुल परिस्कृत गर्दै सुरुङ्गमार्ग, जलमार्ग, रज्जुमार्ग एवम् केवलकार आदिको विकास गर्ने,
- अन्तरदेशीय, अन्तरप्रदेश र अन्तरस्थानीय तह एवम् कोरिडोरमा आधारित पूर्वाधार विकासमा सहकार्य, समन्वय र सहजीकरण गर्ने,
- संघीय सरकार एवम् स्थानीय तहको समन्वय र साझेदारीमा प्रदेश भित्रका धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्र जोड्ने पूर्वाधारमा सहलगानी र साझेदारी बढाउने,
- स्वच्छ उर्जा क्षेत्रको विकास गर्दै जलविद्युत् उत्पादन, प्रसारण तथा खपत विस्तार गर्ने,
- गुणस्तरीय सेवा सुविधा सहित सुरक्षित वातावरणमैत्री एवम् व्यवस्थित गाउँ, शहर तथा एकीकृत बस्तीको निर्माण गर्दै व्यवस्थित शहरी सौन्दर्यकरणको विस्तार गर्ने,

- व्यापारिक केन्द्र, घनावस्ती, आवासीय लगायतका उच्च जनघनत्व र बसाईंसराइको चाप भएका क्षेत्रमा परिधीय विकासको अवधारणा अनुरुप शहरी पूर्वाधार विकास गर्ने,
- आधारभूत खानेपानीको शतप्रतिशत पहुँच पुऱ्याई मध्यम तथा उच्च गुणस्तरयुक्त खानेपानीको विस्तार गर्दै सरसफाइलाई जीवनपद्धतिका रुपमा विकास गर्ने।

**(७) वन, वातावरण, जैविक विविधता तथा विपद् जोखिम व्यवस्थापन**

- वन, वातावरण, ताल-तलैया र जलाधारको दिगो व्यवस्थापन गरी हरित अर्थतन्त्रको विकासमा जोड दिने,
- जलवायुमैत्री तथा न्यून उत्सर्जनमुखी उर्जा एवम् नवीन प्रविधिको विकास एवम् संरक्षण मार्फत आर्थिक उपार्जनमा जोड दिने,
- अन्तर्राष्ट्रिय अभिसन्धिहरुको प्रावधान बमोजिमका जलवायुजन्य कोष एवम् संयन्त्रहरुबाट उपलब्ध हुने वित्तीय सहयोग एवम् लाभ हासिल गरी न्यायोचित वितरण गर्ने,
- जैविक विविधताको संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा विपद् जोखिमका क्षेत्रहरु पहिचान गरी व्यवस्थापनका उपायहरु अवलम्बन गर्ने,
- वातावरणीय प्रदूषण न्यूनीकरण गर्दै पर्यावरणीय सन्तुलन एवम् स्वच्छता कायम गर्ने,
- जलवायु परिवर्तनका असरको न्यूनीकरण एवम् अनुकूलनका कार्यक्रम र विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने।

(८) **पुँजी निर्माण र लगानी**

- लगानीमैत्री वातावरण तयार गरी आन्तरिक तथा बाह्य लगानी, वैदेशिक सहायता र आन्तरिक ऋण तुलनात्मक लाभका क्षेत्रमा परिचालन गर्ने,
- प्रदेशमा लगानीका सम्भाव्य क्षेत्रहरुको पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता एवम् विकास साझेदारलाई आकर्षित गर्ने,
- आर्थिक विकास र समृद्धिको संवाहकको रूपमा डायस्पोरा र निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्ने,
- पुँजी बजारको विकास र विस्तार गर्दै विप्रेषण, निजी, सामाजिक, सहकारी क्षेत्रलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने,
- प्रदेशभित्र मानव संशाधनको प्रक्षेपण गरी मानव पुँजीमा लगानी गर्दै जनसांख्यिक लाभको उपयोग गर्ने,
- सामाजिक र सांस्कृतिक पुँजीको संरक्षण र जगेर्ना गर्दै आर्थिक एवम् पर्यटकीय लाभांशमा रुपान्तरण गर्ने।
- सबै नागरिकको स्वास्थ्य, पोषण, ज्ञान, सिप र प्रविधिमाथि लगानी वृद्धि गरी मुलुकप्रति विश्वास जगेर्ना गर्दै मानव पुँजीको रुपमा विकास गर्ने,
- युवाहरुको राष्ट्रप्रतिको लगाव र भावलाई प्रवर्द्धन गर्दै सिप, अनुभव, दक्षता र ज्ञानलाई राष्ट्रनिर्माणमा उपयोग गर्ने,
- खेलकुद पूर्वाधार, वातावरण र लगानी बढाई राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी खेलाडीको विकास एवम् विस्तार गर्ने।

(९) **विनियोजन कुशलता, पुँजीगत खर्च र संस्थागत सक्षमता**

- लाभ र लागत विश्लेषणका आधारमा नतिजामूलक

आयोजना छनौट गरी स्रोतको विनियोजन गर्ने,

- आयोजना बैंक र क्षेत्रगत गुरुयोजनाका आधारमा बजेट तर्जुमा गर्ने प्रणालीको विकास गर्ने,
- सार्वजनिक खर्चमा मितव्ययिता अपनाउँदै आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा लगानी बढाउने,
- संघ र स्थानीय तहसँग दोहोरोपन नहुने गरी योजना तर्जुमा तथा कार्यान्वयनमा कार्यकुशलता तथा आबद्धता अभिवृद्धि गर्ने,
- वित्तीय जोखिमका क्षेत्रहरु पहिचान गरी न्यूनीकरणका उपकरणबाट वित्तीय सुशासन कायम गर्ने,
- प्रदेशको कार्यक्षेत्र अनुरुप मौजुदा संरचनालाई सबलीकरण गर्न संस्थागत पुनरावलोकन, पुनर्गठन र समायोजन गर्ने,
- प्रदेश गौरवका आयोजनाहरुको पुनरावलोकन गरी वस्तुनिष्ठ र यथार्थपरक आयोजनाहरु कार्यान्वयनमा लैजाने।

**(१०) सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

- प्रदेशका मौजुदा संरचनाहरुलाई चुस्त, कार्यमुखी तथा नागरिकमैत्री ढाँचामा रुपान्तरण गरी सुशासनको सुनिश्चितता गर्ने,
- 'डिजिटल गण्डकी प्रदेश' को माध्यमबाट सेवा प्रवाहको लागत र दूरी घटाई सहज, सरल र सर्वसुलभ सेवाको सुनिश्चितता गर्ने,
- सुशासन, प्रशासन सुधार र जवाफदेहीको एकीकृत कार्यभार पूरा गर्ने लक्ष्य सहित कर्मचारीतन्त्रलाई उच्च मनोबलयुक्त बनाउँदै वृत्ति विकासका स्पष्ट आधार तय गर्ने,

- राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रलाई पारदर्शी, जवाफदेही र सृजनशील बनाई अनुचित र भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका उपाय अवलम्बन गर्ने,
- प्रदेशका संगठन एवम् संरचनाहरुलाई नैतिक संगठनमा रुपान्तरण गर्दै सेवा प्रवाहको उत्कृष्ट केन्द्रका रुपमा विकास गर्ने,
- नवप्रवर्तन प्रविधि र सदाचार कार्यशैली आत्मसात् गरी राष्ट्रसेवाको भावना प्रति उत्प्रेरित गर्ने,
- आम सञ्चार क्षेत्रलाई स्वतन्त्र, व्यावसायिक, प्रतिस्पर्धी र मर्यादित बनाई नागरिकको पहुँच विस्तार गर्ने,
- नागरिकमा सुरक्षाको अनुभूति गराउँदै प्रदेशभित्र शान्ति सुरक्षा एवम् सुव्यवस्था कायम राख्ने,
- निष्पक्ष एवम् पारदर्शी न्याय प्रणालीको विकास एवम् मानव अधिकारको सम्मान, संरक्षण, उपभोगमा जोड दिँदै मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्ने।

## ५. योजना तर्जुमा विधि तथा प्रक्रिया

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्देशक समिति र सदस्यहरूको संयोजकत्वमा विषय क्षेत्रगत समिति गठन गरिएको छ। नेपालको संविधान, दीर्घकालीन सोच २१००, दिगो विकासका लक्ष्य, राजनीतिक दलका घोषणापत्र, प्रथम पञ्चवर्षीय योजनाको समीक्षा र बदलिंदो विश्व परिवेशमा आधारित भई समग्र तथा विषय क्षेत्रगत विकास योजना तर्जुमा गरिनेछ। सम्भव भएसम्म परिमाणात्मक लक्ष्य निर्धारण र सो प्राप्तिका लागि उपयुक्त रणनीति तथा कार्यक्रम प्रस्ताव गरिनेछ।

दोस्रो पञ्चवर्षीय योजना निर्माण प्रक्रिया सहभागितामूलक हुनेछ। प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या,

चुनौती र अवसरहरु समेटिनेछ। प्रदेश सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदार र युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रिया गरिनेछ। जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा र प्रदेश सभाका सांसद, जिल्ला समन्वय समितिका पदाधिकारी, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, नागरिक समाजका प्रतिनिधि, गैह्रसरकारी संस्था, प्राज्ञ, निजी क्षेत्र, जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, पत्रकार तथा अन्य सरोकारवालासँग अन्तरक्रिया गरिनेछ।

छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्तावेजलाई परिमार्जन गर्रिंदै लगिनेछ र अन्तिम मस्यौदालाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरी अनुमोदन गराइनेछ। सो बैठकबाट प्राप्त सुझावलाई मध्यनजर गर्दै अन्तिम मस्यौदालाई प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गरी प्रकाशन एवम् लागू गरिनेछ। दोस्रो पञ्चवर्षीय योजना तर्जुमाको समय तालिका अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ।

## ६. अपेक्षित नतिजा

विक्रम सम्वत् २०८० साल चैत्र मसान्तसम्ममा दोस्रो पञ्चवर्षीय योजनाको दस्तावेज प्रकाशनमा आएको हुनेछ। आर्थिक वर्ष २०८१/८२ देखि यस योजनामा आधारित रही बजेटको प्राथमिकता र सिद्धान्त, नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमा गरिनेछ। यो दस्तावेजले प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना र स्थानीय तहको आवधिक योजना तर्जुमामा मार्गदर्शन गर्नेछ।

## ७. दोस्रो पञ्चवर्षीय योजनाको विषयसूची

दोस्रो पञ्चवर्षीय योजनामा समावेश गरिने विषयवस्तुको प्रारम्भिक विषयसूची अनुसूची- २ मा उल्लेख गरिएको छ। योजनाको दस्तावेज तयार गर्ने क्रममा यसलाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ।

# अनुसूची-१

## दोस्रो पञ्चवर्षीय योजना तर्जुमाको समय तालिका

| क्र.सं. | क्रियाकलाप | समय सीमा |
|---|---|---|
| १ | दोस्रो योजना तयारीसम्बन्धी समय सीमासहितको कार्ययोजना तयारी | २०८० श्रावण चौथो हप्ता |
| २ | आयोगका उपाध्यक्ष्यको अध्यक्षतामा **निर्देशक समिति** र सदस्यहरूको संयोजकत्वमा **विषय क्षेत्रगत समिति** गठन | श्रावण चौथो हप्ता |
| ३ | दोस्रो योजनाको अवधारणा तयारी सम्बन्धमा विज्ञसँगको अन्तरक्रियाः<br>■ आयोगका पूर्व पदाधिकारीहरू (उपाध्यक्ष, सदस्य, सदस्य सचिव) सँग समग्र विषयमा अन्तरक्रिया<br>■ मन्त्रालयका सचिव र विषयविज्ञसँग क्षेत्रगत (आर्थिक, पूर्वाधार,सामाजिक, अन्तरसम्बन्धित) विषयमा छुट्टाछुट्टै अन्तरक्रिया | भदौ पहिलो हप्ता |
| ४ | दोस्रो योजनाको अवधारणा-पत्रको मस्यौदा तयारी र आयोगबाट पारित | भदौ चौथो हप्ता |
| ५ | दोस्रो योजनाको अवधारणा-पत्र निर्देशक समितिबाट सुझाव सहित स्वीकृति | भदौ चौथो हप्ता |
| ६ | विषय क्षेत्रगत मन्त्रालयहरूसँग योजनाको स्वीकृत अवधारणा सहित विस्तृत योजना तर्जुमा सम्बन्धमा प्रारम्भिक छलफल तथा आवश्यक विवरण प्राप्ति सम्बन्धी पत्राचार | असोज पहिलो हप्ता |
| ७ | विषय क्षेत्रगत मन्त्रालयहरूबाट योजनाको लागि विवरण प्राप्ति | असोज मसान्तसम्म |
| ८ | समष्टिगत आर्थिक तथा लगानी खाका (आर्थिक मोडेलिङ सहित) तयारी | कार्तिक तेस्रो हप्ता |
| ९ | योजनाको विषय क्षेत्रगत मस्यौदा तयारी | मंसिर पहिलो हप्ता |
| १० | योजनाको क्षेत्रगत **एकीकृत प्रारम्भिक मस्यौदा (१)** तयारी तथा आयोगबाट स्वीकृति | मंसिर दोस्रो हप्ता |
| ११ | प्रदेश विकास परिषद्को गठन, परिषद्का सदस्यहरूलाई एकीकृत प्रारम्भिक मस्यौदाको प्रतिलिपि वितरण | मंसिर चौथो हप्ता |
| १२ | प्रदेश र स्थानीय तहमा अन्तरक्रिया (परिषद्का सदस्यहरूसमेतको संलग्नतामा) | पौष पहिलो हप्ता |

| क्र.सं. | क्रियाकलाप | समय सीमा |
|---|---|---|
| १३ | प्रदेश तथा स्थानीय तहबाट प्राप्त सुझावको आधारमा योजनाको **परिमार्जित मस्यौदा (२)** तयारी | माघ पहिलो हप्ता |
| १४ | प्रदेशस्तरमा अन्तरक्रियाः प्रदेश संसदका मा. सदस्यहरू; प्रमुख राजनीतिक दलका पदाधिकारीहरू; नागरिक समाज, विद्वत वर्ग र पेशाविदहरू; प्रदेश सरकारका मा. मन्त्री तथा सचिवहरू; विकास साझेदारहरू | माघ दोस्रो हप्ता |
| १५ | प्रदेशस्तरबाट प्राप्त सुझावका आधारमा योजनाको **परिमार्जित मस्यौदा (३)** तयारी | फाल्गुन दोस्रो हप्ता |
| १६ | परिमार्जित मस्यौदा प्रदेश विकास परिषद्मा पेश गर्न निर्देशक समितिबाट सिफारिस | फाल्गुन तेस्रो हप्ता |
| १७ | प्रदेश विकास परिषद्को बैठक आयोजना र सुझाव सहित योजनाको अनुमोदन | फाल्गुन चौथो हप्ता |
| १८ | प्रदेश विकास परिषद्बाट प्राप्त सुझाव सहित योजनाको **अन्तिम मस्यौदा (४)** तयार गरी स्वीकृतिका लागि प्रदेश सरकार (म.प.) मा पेश | चैत्र तेस्रो हप्ता |
| १९ | प्रदेश सरकार (म.प.) बाट दोस्रो पञ्चवर्षीय योजनाको दस्तावेज स्वीकृति; दोस्रो पञ्चवर्षीय योजनाको प्रकाशन | २०८० चैत्र मसान्त |

## अनुसूची-२

## पञ्चवर्षीय योजनाको प्रारम्भिक विषयसूची

**१. परिचय**

१.१ प्रथम पञ्चवर्षीय योजनाको संक्षिप्त समीक्षा

१.२ दोस्रो पञ्चवर्षीय योजनाको सोच

**२. प्रादेशिक अर्थतन्त्रको सुदृढीकरण**

१.१ पृष्ठभूमि

१.२ विद्यमान अवस्था

१.३ मुख्य सवाल तथा चुनौती

१.४ रुपान्तरणका मुख्य नीति

१.५ रुपान्तरणका रणनीति

१.६ प्रमुख कार्यक्रम

१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | परिसूचक | २०७९/८० सम्मको अवस्था | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

स्रोतः

(यस पछिका २ देखि १० सम्म यसै प्रकारको ढाँचा अवलम्बन गरिने)

**३. संरचनात्मक रूपान्तरणका क्षेत्र र रणनीति**

(१) प्रादेशिक अर्थतन्त्रको सुदृढीकरण

(२) वित्तीय स्रोत पहिचान र व्यवस्थापन

(३) सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण र सशक्तीकरण

(४) श्रम, रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरण

(५) गुणस्तरीय शिक्षा तथा स्वास्थ्य क्षेत्रको सबलीकरण

(६) दिगो पूर्वाधार विकास, पर्यटन र शहरीकरण

(७) वन, वातावरण, जैविक विविधता तथा विपद् जोखिम व्यवस्थापन

(८) पुँजी निर्माण र लगानी

(९) विनियोजन कुशलता, पुँजीगत खर्च र संस्थागत सक्षमता

(१०) सुशासन तथा सार्वजनिक सेवा प्रवाह

**सन्दर्भ सामग्रीहरू**


- नेपालको संविधान
- अर्थ मन्त्रालय (२०८०), आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८०, नेपाल सरकार, काठमाण्डौ।
- आर्थिक मामिला मन्त्रालय (२०८०), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७९/८०, गण्डकी प्रदेश सरकार, काठमाण्डौ।
- नेपाल राष्ट्र बैंक (२०८०), देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७८/७९ को १० महिनाको तथ्याङ्कमा आधारित), काठमाण्डौ।
- राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१), नेपाल सरकार, काठमाण्डौ।
- राष्ट्रिय योजना आयोग (२०८०), सोह्रौं योजना (२०८१/८२ - २०८५/८६) को अवधारणा-पत्र, नेपाल सरकार, काठमाण्डौ।
- गण्डकी प्रदेश नीति तथा योजना आयोग (२०७९), प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) गण्डकी प्रदेश सरकार, पोखरा।
- गण्डकी प्रदेश नीति तथा योजना आयोग (२०७९), प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को मध्यावधी समीक्षा, गण्डकी प्रदेश सरकार, पोखरा।
- राष्ट्रिय योजना आयोग (२०७३), दिगो विकास लक्ष्य मार्गचित्र (२०१६-२०३०), नेपाल सरकार, काठमाण्डौ।
- दिगो विकासका लक्ष्यहरू गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन (२०७६), गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश सरकार, पोखरा, नेपाल
- गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रः २०७९-२०८७ (२०७९), प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल
- राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८), राष्ट्रिय जनगणना, नेपाल सरकार, काठमाण्डौ।

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोनः ०६१-५६४८४१

ईमेलः pppcgandaki@gmail.com

वेबसाईटः ppc.gandaki.gov.np